# प्रेस विज्ञप्ति- २५६

# Press Release-256

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७६।०२।०८ गते।

## लागू औषध चरेश र नियन्त्रित मनोद्विपक पदार्थ सहित ४ जना मानिस पक्राउ।

मिति २०७६।०२।०७ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं १६ बस्ने बर्ष ५० की साबित्री श्रेष्ठलाई **नियन्त्रित मनोद्विपक लागू औषध** डाईजेपाम ६७० एम्पुल, बुप्रोनोर्फिन ५६१ र फेनारगन ५६० एम्पुल गरी **जम्मा १७९१ एम्पुल** र लागू औषध बिक्रि वितरण गरी संकलन गरेको *रकम रु १,४१,०००/- ( एक लाख एकचालिस हजार मात्र )* सहित जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं १६ नयाँबसपार्कबाट पक्राउ गरिएको छ।

प्रारम्भिक अनुसन्धानको क्रममा निज साबित्री श्रेष्ठले बिगत लामो समय देखी नियन्त्रित लागू औषध भारतीय सिमा नाकाबाट मगाउने गरेको र आफ्नै घरबाट लागू औषध सेवन कर्ताहरुलाई बिक्रि बितरण गर्ने गरेको तथा निजको आफ्नै २ जना छोरा समेत लागू औषध सेवन कर्ता रहेको खुल्न आएको छ।

साथै मिति २०७६।०२।०७ गते लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले विशेष सूचनाको आधारमा जिल्ला झापा मेची न.पा.वडा नं ८ बस्ने बर्ष २५ को संजय दर्जी, ऐ.ऐ. बस्ने बर्ष ३० को मनोज दर्जी र जिल्ला धनकुटा पाख्रीबास न.पा. वडा नं ४ घर भई हाल जिल्ला सुनसरी ईटहरी उ.म.न.पा. वडा नं ४ बस्ने बर्ष ४० को राज कुमार गुरुङलाई **लागू औषध चरेश १७ के.जी.** सहित जिल्ला झापा मे.न.पा. वडा नं ६ टोकला बगानबाट पक्राउ गरिएको छ।

निजहरु उपर आवश्यक अनुसन्धान कार्य भईरहेको ब्यहोरा जानकारीका लागि अनुरोध।

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com





नियन्त्रित मनोद्विपक
लागू औषध


Narcotics Control Bureau
ESTD:1992
काठमाण्डौ
लागू औषध अपराधको गोप्य सूचना प्रहरीलाई !
News Agency
NAN


TAKES